# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २१ फरवरी २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- सीबीआईले पश्चिम बंगालमा करोडौंको नगद लेनदेन स्कूल नोकरी घोटालामा आज कोलकाताको विशेष अदालतमा आरोपपत्र दायर गरेको छ।

- भाजपा दार्जीलिङ जिल्ला समितिका अध्यक्ष कल्याण देवानले चियाबारीको ३०% जमिन उद्योगपतिलाई दिने राज्य सरकारको योजना मजदुर विरोधी रहेको बताउनु भएको छ I

- मिरिकको घैयाबारी चियाबगानमा श्रमिकहरूले यस वर्षकै पहिलो टिपाइ अथवा फ्रष्ट फल्स टिप्न अस्वीकार गरेका छन् ।

- खरसाङको टुरिस्ट लज नजिक वाहन दुर्घटना हुदा तीनजना विद्यार्थी घाइते भएका छन् I

- मौसम विभागले शुक्रबारदेखि मंगलबारसम्म उत्तर बंगालको दार्जिलिङ र कालेबुङका उच्च पहाडी क्षेत्रहरूमा हल्का हिमपात हुन सक्ने अनुमान व्यक्त गरेको छ।

**कलकता- सीबीआई**

केन्द्रीय अनुसन्धान ब्यूरो (सीबीआई) ले पश्चिम बंगालमा करोडौंको नगद लेनदेन स्कूल नोकरी घोटालामा आज कोलकाताको विशेष अदालतमा आरोपपत्र दायर गरेको छ। यस आरो पपत्रमा सुजय कृष्ण भद्रको नाम मुख्य अभियुक्तको रूपमा समावेश गरिएको छ। भद्रा बाहेक, अन्य दुई व्यक्ति, शान्तनु बनर्जी र अरुण हाजरालाई पनि आरोपपत्रमा नाम दिइएको छ। दुवैलाई कथित घोटालामा बिचौलियाको रूपमा आरोप लगाइएको छ। हाल सुजय कृष्ण भद्र जमानतमा छुटेका छन्। गत हप्ता कलकत्ता उच्च अदालतको डिभिजन बेन्चले सीबीआईले दर्ता गरेको मुद्दामा चिकित्सा उपचारको आधारमा उनलाई अन्तरिम जमानत दिएको थियो। यसअघि, उनले प्रवर्तन निर्देशनालय (ED) द्वारा दर्ता गरिएको अर्को मुद्दामा पनि जमानत पाएका थिए। ईडीले यस विषयमा समानान्तर अनुसन्धान गरिरहेको छ। जमानत पाए पनि अदालतले भद्राको गतिविधि र मानिसहरूलाई भेटघाटमा कडा प्रतिबन्ध लगाएको छ।

****** ० ******

**भाजपा दार्जीलिंग**

भारतीय जनता पार्टी दार्जीलिङ जिल्ला समितिका अध्यक्ष कल्याण देवानले चियाबारीको ३०% जमिन उद्योगपतिलाई दिने राज्य सरकारको योजना मजदुर विरोधी रहेको अनि ५ डेसिमल जमिनको पर्जा पट्टाको विरोधमा दार्जीलिङ जिल्लापाललाई एक ज्ञापन पत्र बुझाएको जानकारी दिनु भएको छ । उहाले पहाड,तराई र डुवर्सको चियाबारीको ३०% जमिन अन्य योजनाको निम्ति उद्योगपतिहरुलाई दिने मुख्यमंत्री ममता बेनर्जीको घोषणापछि शुरु भएको प्रतिवाद जारी रहने पनि बताउनु भएको छ। उहाले चियाबारीको जमिनमा दखल दिने राज्य सरकारको नियत विध्वंसकारी रहेको बताउनु भएको छ । श्री देवानले उत्तर बंगाल लगायत दार्जीलिङ पहाडलाई अब बंगालको शोषणबाट उन्मुक्त नगरेसम्म यहाँको जनतालाई शान्ति नमिल्ने पनि बताउनु भयो ।

****** ० ******

**सिलगढी- अन्तर्राष्ट्रिय मातृभाषा**

अन्तर्राष्ट्रिय मातृभाषा दिवसको अवसरमा, सिलगढी नगर निगमले बाघाजतीन पार्कमा स्थापित शहीद स्मृति स्तम्भमा भाषा आन्दोलनमा आफ्नो जीवन बलिदान दिने शहीदहरूलाई सम्झना गर्यो । कार्यक्रममा मेयर गौतम देव, उपमेयर रञ्जन सरकार, अध्यक्ष प्रतुल चक्रवर्ती लगायतले शहिदहरुलाई श्रद्धाञ्जली अर्पण गरे। उल्लेखनीय छ, पश्चिम बंगालका विभिन्न भागहरूमा अन्तर्राष्ट्रिय मातृभाषा दिवस पूर्ण सम्मानका साथ मनाइन्छ। सिलगढी नगर निगमले बाघाजतीन पार्कमा विभिन्न सांस्कृतिक कार्यक्रमहरूका साथ यो दिवस पालन गरेको थियो ।

**घैयाबारी चियाश्रमिक**

पहिलो चिया टिपाई अघि नै बोनसको छिनोफानो हुनपर्ने ,न्युनतम मजदुरी एंन लागू गरिनु पर्ने लगायत विविध मागको साथमा आज मिरिक महाकुमा अन्तर्गत घैयाबारी चियाबारीका श्रमिकहरूले यस वर्षको पहिलो चिया टिप्न अस्वीकार गरे । आज चियाबारीमा प्रबन्धक पक्षले वर्षको पहिलो चिया टिप्ने निर्देश जारी गरे पनि श्रमिकहरूले चिया टिप्न मानेनन्। यस विषयमा चिया श्रमिकहरूले आफुहरु प्रत्येक वर्ष बोनसको समयमा सडकमा निस्किनु पर्ने साथै श्रमिक भवन धाउनु पर्ने बताए। तर यसपालि त्यस्तो नहोस भन्ने उद्धेश्यले नै आफुहरुले वर्षको पहिलो चिया नटिपेको बताए I यसका साथै उनीहरुले आफुहरुको अझ धेरै अन्य मागहरू पनि रहेको बताएका छन्। यसबाहेक चिया श्रमिकहरूले गत वर्षको चार प्रतिशत बोनस पनि आजसम्म नपाएको भन्दै रहल चार प्रतिशत बोनस पनि पहिलो चिया टिपाई अघि नै भुक्तान गरिनु पर्ने माग गरेका छन् I

****** ० ******

**एचपीडब्ल्युयू**

गोर्खा राष्ट्रिय मुक्ति मोर्चाको श्रमिक संगठन हिमालयन प्लान्टेसन वर्कर्स यूनियनका केन्द्रीय समिति अध्यक्ष बी के राईले पश्चिम बंगाल विधानसभाको बजेट अधिवेशनमा विधायक नीरज तामाङ जिम्बाले दिएको भाषणको प्रशंसा गर्नु हुदै आभार प्रकट गर्नु भएको छ । उहाले चिया बगान श्रमिकहरूको अधिकार र भविष्यप्रति राज्य सरकार वर्षौंदेखि वेवास्ता गर्दै आएको परिस्थितिमा, विधायक नीरज जिम्बाले साहसिक, स्पष्ट र तथ्यगत रूपमा श्रमिकहरूको मुद्दा उठाएको बताउनु भएको छ । विधायक निरज जिम्बाले विधानसभामा आफ्नो ओजस्वी भाषणमार्फत चिया बगान क्षेत्रमा कार्यरत लाखौँ श्रमिकहरूको पीडा, संघर्ष र उनीहरूको अधिकारप्रति सरकारको दायित्वबारे प्रस्ट पार्नु भएको एचपीडब्ल्युयूका अध्यक्ष बी.के.राईले बताउनु भएको छ ।

****** ० ******

**तीनधारे- अग्निशम केन्द्र**

खरसाङ महकुमा अन्तर्गत तीनधारेमा अग्निशमन केन्द्रको स्थापना गर्नलाई जमीनको सर्वेक्षण गरिएको छ। अग्निशमन केन्द्रको स्थापना गर्नलाई आज तीनधारेमा जमीन चिन्हित गर्नलाई भूमि अनि भूमि सुधार विभाग, अग्निशमन विभाग, पीएचई, पीडबल्युडी ,केईडी आदि भागका अधिकारीहरु उपस्थित रहेका थिए। यसको साथै तीनधारे महानदी समष्टिको सभासद नवराज छेत्री, कर्माध्यक्ष साजन दर्जी लगायत स्थानीयहरुको पनि उपस्थिति रहेको थियो। विभिन्न विभागका पदाधिकारीहरुले तीनधारेमा अग्निशमन केन्द्रको स्थापना गर्नलाई तीनधारेको तल्लो मिठाई डाँडामा रहेको सडकदेखि माथिल्लो पट्टिको जमीनलाई चिन्हित गरिएको जानकारी प्राप्त भएको छ। तीनधारे र वरिपरि क्षेत्रका मानिसहरुले लामो समयदेखि माग गर्दै आएका अग्निशमन केन्द्रको स्थापना हुने भएको छ।

****** ० ******

**खरसाङ- वाहन दुर्घटना**

खरसाङको टुरिस्ट लज नजिक रहेको ट्राफिक बुथदेखि उकालो जाने सडकमा आज वाहन दुर्घटना हुँदा तीनजना विद्यार्थीहरु घाइते भएको जानकारी प्राप्त भएको छ। प्राप्त जानकारी अनुसार सडकमा पार्किंग गरेर राखिएको मारुती भ्यानमाथी एउटा ईको भ्यान पल्टेर थिचेपछि इको भ्यानमा रहेका तीनजना विद्यार्थीहरु घाइते भएका छन् । घटनास्थलमा खरसाङ पुलिस प्रशासन र खरसाङ ट्राफिक प्रशासन उपस्थित रहेका थिए। घाइते बनेका तीनजना विद्यार्थीहरुलाई खरसाङ ट्राफिक पुलिसले स्थानीयहरुको सहयोगमा खरसाङ महकुमा अस्पतालमा उपचारको लागि लगिएको जानकारी प्राप्त भएको छ। घाइते विद्यार्थीहरु मध्ये एकजनालाई सिटी स्क्यानको लागि सिलगढी लगिएको जानकारी प्राप्त भएको छ।

****** ० ******

**पन्च्यात भवन**

मिरिक महकुमा अन्तर्गत थर्बु निगाले गाँउमा गोर्खाल्याण्ड क्षेत्रीय प्रशासन मार्फत निर्माण गरिएको पहिला गाउँ स्कुल डाँडा ग्राम पन्चायत एक-को नयाँ कार्यालय भवन आज उद्धघाटन गरियो। यस अवसरमा मिरिक महकुमा शासक तेन्जी सेमिकी ओगेन,मिरिक खण्ड विकास अधिकारी श्रेयाश्री मइती ,सभासदहरू धुर्ब बम्जन,मिलेस राई, मिरिक पन्चायत समिति अध्यक्ष कैलास खवास,पन्चायत समिति सदस्यहरू समीर राई,आशिषता राई, ग्राम पन्चायत प्रधान स्वेच्छा तामाङ आदिको उपस्थिति रहेको थियो ।

****** ० ******

**इसाई स्रष्टा- पत्रिका**

भारतीय नेपाली भाषी इसाई स्रष्टाहरुको साझा मञ्च स्रष्टा सङ्गमको मुख पत्र वनपाखा कालेबुङमा आयोजित पाँचौं वार्षिक सम्मेलनमा लोकार्पण गरिएको छ। पत्रिका पूर्व अध्यक्ष रवि रोदन अनि पूर्व सचिव हनोक थापाको सम्पादनमा र स्रष्टा सङ्गमको प्रकाशनमा प्रकाशित गरिएको छ। प्रमुख अतिथिको रुपमा उपस्थित वरिष्ठ गायक एंव संगीतकार जोहन डी खवास, डा अञ्जना राई, रेभरेन्ट डा छत्र सुब्बा पावल, क्यामुना प्रधान, विशप रेभरेन्ट हेमन्त काँफ्ले, रेभरेन्ट जोनाह बल, स्रष्टा सङ्गमको उपाध्यक्ष एल्डर पत्रुस गुरुङ आदिको बाहुलीबाट पत्रिकाको लोकार्पण गरिएको छ। पत्रिका सिक्किमको गान्तोकमा गत वर्ष २०२४ मा स्रष्टा सङ्गमको चौथो वार्षिक सम्मेलनमा पठन गरिएका रचनाहरू र अन्यलाई संकलन गरेर प्रकाशित गरिएको छ।

****** ० ******

**शव उद्धार**

गत चार दिनदेखि बेपत्ता युवकको शव फाँसीदेवा महकुमा अधिनस्थ झमकलाल जोत टिस्टा क्यानलस्थित लक गेटबाट उद्धार गरिएको छ। मृत युवकको पहिचान फुलबाड़ीको गोरा मोड़ निवासी शिवम पालितको रूपमा भएको छ। यता मृतक युवकको परिवार पक्षले , शिवमको हत्या गरी शवलाई क्यानलमा फालिएको दाबी गरेको छ । युवक गत १७ फरवरीदेखि वेपत्ता भएका थिए भने चारैतिर खोजी गर्दा पनि पत्तो नलागेपछि परिवार पक्षले १८ फरवरीको दिन एनजेपी थानामा प्रथामिकी दर्ता गरेको थियो I हाल एनजेपी थाना पुलिसले शवलाई उद्धार गरी पोस्टमर्टम गर्नको लागि उत्तर बंगाल मेडिकल कलेज एवं अस्पतालमा पठाएको छ।

**नन्हीकली संस्था**

दार्जिलिङ पुलबजार खण्डको मझुवा ग्राम पञ्चायत अधिनस्त रङ्गीत मझुवा डा० राधाकृष्णन् उच्चत्तर माध्यमिक विद्यालयमा आज नन्हीकली गैर सरकारी संस्थाद्वारा विद्यार्थीहरुलाई आकर्षक उपहारहरु प्रदान गरिएको छ। कक्षा छैटौंदेखि कक्षा दशौंसम्मका कन्या विद्यार्थीहरुलाई विद्यालयका प्रधान अध्यापक पी०के० राईको बहुलीबाट यी उपाहारहरु प्रदान गरियो। विद्यार्थीहरुको शैक्षिक विकासमा थप टेवा पुर्याउन हेतु प्रदान गरिएको उपहारमा दुई जोडी टि सर्ट, दुई जोडी मोजा, एक जोडी जुत्ता, ब्याग, सेनिटेरी प्याड, बोरोशिल थर्मस फ्लास्क, नोट बुक, अनि कलम रहेको छ। विद्यार्थीलाई यसरी सहयोग गरिदिए वापत विद्यालयको पक्षबाट स हशिक्षक सत्यम् राईले नन्हीकली गैर सरकारी संस्थाप्रति आभार प्रकट गरेका छन् ।

****** ० ******

**युवक पक्राउ**

खोरीबाड़ी थाना पुलिसले ब्राउन शुगर सहित एकजना युवकलाई पक्राउ गरेको छ। पक्रा पर्ने युवकको नाम अरमान आलम हो। युवक खोरीबाड़ी महकुमा अधिनस्थ गण्डगोल जोत निवासी रहेको बताइएको छ। सूत्र अनुसार युवक गत बिहीवार अबेर राति बाइक मार्फत खोरीबाड़ी पानीट्यांकी संलग्न ढाकरू मोड़मा ब्राउन शुगर आदान-प्रदान गर्न गएका थिए जसको सूचना खोरीबाड़ी पुलिसले पाएपछि पुलिसले अभियान चलाएर संदिग्ध युवकलाई पक्राउ गरेको बताईएको छ । पुलिसले उनीबाट 202 ग्राम ब्राउन शुगर बरामद गरेको छ । त्यसपछि पुलिसले एन.डी.पी.एस एक्ट अन्तर्गत

युवकलाई पक्राउ गऱ्यो। पुलिसले युवकको बाइक पनि जफत गरेको छ। खोरीबाड़ी थानाको पुलिस अघिल्लो कारबाहीमा जुटेको छ।

****** ० ******

**मौसम**

पश्चिम बंगालमा वर्षाको कारण तापक्रममा अचानक ह्राश आएको छ। आज कोलकाताको न्यूनतम तापक्रम १८ डिग्री सेल्सियस रेकर्ड गरिएको थियो। मौसम विभागका अनुसार यो वर्षा आइतबारसम्म जारी रहन सक्छ। आइतबार, कोलकाता, हावडा, हुगली, पूर्व र पश्चिम मेदिनीपुर, उत्तर र दक्षिण २४ परगना, बांकुरा र पूर्वी बर्दवानमा ३० देखि ४० किलोमिटर प्रतिघण्टाको गतिमा तेज हावासँगै वर्षा हुन सक्ने मौसम विभागले जनाएको छ। मौसम विभागले शुक्रबारदेखि मंगलबारसम्म उत्तर बंगालको दार्जिलिङ र कालेबुङका उच्च पहाडी क्षेत्रहरूमा हल्का हिमपात हुन सक्ने अनुमान व्यक्त गरेको छ।

****** ० ******

***** ० ******